


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १२ गते आइतबार ❑ 28 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## पदाधिकारी र केन्द्रीय सदस्य प्रस्ताव गर्ने जिम्मेवारी अधिकार अध्यक्ष ओलीलाई

**रासस**
**चितवन, ११ मंसिर**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई दशौं राष्ट्रिय महाधिवेशनमा पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्मका नामावाली हलसमक्ष प्रस्तुत गर्ने अधिकार दिइएको छ।

अध्यक्ष ओलीले केन्द्रीय लेखा आयोग र अनुशासन आयोगका २५/२५ जना पदाधिकारीका नाम पनि प्रस्ताव गर्नुहुनेछ। एमाले महाधिवेशनको जारी बन्दसत्रमा उपमहासचिव विष्णुप्रसाद पौडेलले परिमार्जित विधानअनुसार ३०१ सदस्यीय केन्द्रीय कमिटीको निर्माण गर्दा विभिन्न क्लष्टरबाट खुल्ला, महिला, जनजाति, मुस्लिम, थारु, श्रमिक, पिछडिएको क्षेत्र आदिका प्रतिनिधित्व हुने गरी उक्त प्रस्ताव गर्नुहुने जनाउनुभयो।

तर सो प्रस्तावलाई उपाध्यक्ष डा भीम रावलले अस्वीकार गर्दै आफूले अध्यक्षमा उम्मेदवारी दिने हललाई जानकारी गराउनुभयो । शनिबारको बन्दसत्रको समापन गर्दै अध्यक्ष ओलीले उम्मेदवारी दिन पाउने हक कायमै रहेको र सकेसम्म पार्टीलाई एकताबद्ध बनाउन सहमतिमा जाउँ भन्ने हलको कार्यादेश रहेको स्पष्ट गर्नुभयो । महासचिव ईश्वर पोखरेलले सहमति नभएका पदमा उम्मेदवारी दिन पाइने जनाउनुभयो।

महाधिवेशनमा नेकपा एमालेले सर्वसम्मतिमा नेतृत्वको चयनका लागि प्रयास गरिरहेको छ । सर्वसम्मतिका लागि आज नेताहरू आन्तरिक छलफलमा थिए भने कार्यकर्ताले दबाब दिएका थिए । बन्दसत्रका क्रममा बोल्दै अध्यक्ष ओलीले सर्वसम्मत अहिलेको आवश्यकता रहेको भन्दै सर्वसम्मत हुँदैमा लोकतन्त्र नमिचिने बताउनुभयो । उहाँले मतदान र सर्वसम्मत दुवै निर्वाचनका प्रक्रिया रहेको भन्दै चुनाव लड्ने अधिकारी सवैलाई रहेको बताउनुभयो।

अध्यक्ष ओलीले अनुशासित, सुदृढ र एकताबद्ध पार्टी बनाएर मुलुकमा देखिएका चुनौतीहरूको सामना गर्दै समृद्ध नेपालको सपना पूरा गर्न आह्वान गर्नुभएको छ । उद्घाटनसत्र आम जनताको साथ सहयोगमा अत्यन्तै उल्सालपूर्णरूपमा सम्पन्न भएको बताउनुभयो । "एमाले प्रतिपक्षमा हुनुको अर्थ हाम्रा अगाडि चुनौती थपिएको छ तर हामी जनादेशबाट प्रतिपक्षमा पुगेका होइनौं", अध्यक्ष ओलीले भन्नुभयो, "लोकतान्त्रिक मूल्य, मान्यता र संविधानका सीमालाई नाघेर अघि बढ्ने कोसिस भएकाले यसलाई दृढतापूर्वक प्रतिवाद गर्नु हाम्रो दायित्व हो । न्यायालय र राज्यका अन्य अङ्गहरू दुरुपयोग हुने स्थितिलाई पार लगाउँदै पुनः हामीले मुलुकको नेतृत्व गर्न हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्दछ । दुनियाँका लागि नमूना महाधिवेशन गरेर देखाउनुपर्नेछ।"

करिब तीन घण्टा लामो आफ्नो सम्बोधनमा उहाँले पार्टीलाई अत्यन्तै गम्भीरताका साथ पार्टी सञ्चालन गर्नुपर्ने अवस्थामा आफूहरू रहेकाले यस स्थितिमा विधान महाधिवेशन आयोजना गरेर मुलुकका लागि आवश्यक नीति, विचार र विधिहरू तय गरेको स्मरण गराउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, "पार्टीमा चौतर्फी घेराबन्दी र केही नेताहरूको व्यक्तिगत स्वार्थका कारण पार्टी चोइट्याउने छुद्र खेल हुँदा पनि आम कार्यकर्ताले पार्टीलाई जुरुक्कै बोकेको देखेर म खुशी छु। आम कार्यकर्ताको उत्साहित मनोबलले समृद्धिको यात्रा सुरक्षितरूपमा अघि बढ्छ भन्नेमा म ढुक्क छु । हामी एमालेहरू जनपुत्र हौं । जनताका छोराछोरी हौं।"

## समाज रुपान्तरणको अभियान सकिएको छैन: तिवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ मंसिर**

लेखा परिक्षण आयोगका कन्द्रिय सदस्य एवं माओबादी केन्द्रका नेता झलकपाणि तिवारीले माओबादीले सुरु गरेको समाज रुपान्तरणको अभियान अझै नसकिएको बताउनु भएको छ । नेकपा माओबादी केन्द्र अन्नपूर्ण गाउँपालिकाको दोश्रो अधिवेसनको अवसरमा बोल्दै नेता तिवारीले जनयुद्धले विजयी हासिल गरे पनि समाज रुपान्तरणको अभियान पूरा हुन नसकेको बताउनु भएको हो।



माओबादीले समानुपातिक र समावेसीको नारा केही हदसम्म स्थापित गराउन सफल भए पनि अझै समाज रुपमान्तरणमा केही मुद्धाहरु स्थापित गन बाँकी रहेको उहाँले बताउनु भयो। समाजबादी क्रान्तिको नेतृत्व माओबादीले मात्र गर्न सक्ने भएकोले अबको निर्वाचनमा माओबादीले जित्ने सहित लाग्न नेता तिवारीले आग्रह गर्नु भयो । पार्टीले व्यक्तिको योग्यता र क्षमताको आधारमा रोटेसन गरी सत्ता,संगठन, श्रम, उत्पादन लगायतका कार्यमा जिम्मेवारी दिने भएको उहाँले बताउनु भयो।

कार्यक्रममा गण्डकी प्रदेशका अर्थ मन्त्री एवं माओबादी केन्द्र गण्डकी प्रदेश सचिवालय सदस्य रामजी प्रसाद बराल जीवनले अझै पनि देशमा प्रतिगमकारी बिरुद्ध एक हुनुपर्ने अवस्था आएको बताउनु भयो । त्याग नगरी देशमा समृद्धि हासिल गर्न नसकिने बताउदै उहाँले माओबादी संगठन बिस्तार पछिल्लो समयमा निकै उत्साहपूर्ण रुपमा संगठिन भएको दाबी गर्नु भयो । अब माओबादी संगठन एक नम्बरको हुनुपर्ने अबस्था आएकोमा जोड दिदै मन्त्री बरालले माओबादी हार्दा देश नै हारेको अनुभुति हुने जिकिर गर्नु भयो । माओबादी आन्दोलनबाट हासिल भएका उपलब्धिलाई थप संस्थागत गर्न पनि आमोबादीको जित

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एक वर्षमा माओवादी पहिलो पार्टी : शिक्षामन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ मंसिर**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का स्थायी कमिटी सदस्य तथा नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले अबको एक वर्षमा माओवादी केन्द्र देशकै पहिलो र ठूलो पार्टी बन्ने बताउनुभएको छ।

विगतका केही वर्षमा पार्टी आन्तरिक समस्यामा अल्झेको भन्दै पौडेलले पार्टीभित्रका समस्याको समीक्षा गरेर सङ्गठन बिस्तारमा लागेको बताउनुभयो । माओवादी केन्द्रले ल्याएको परिवर्तन र एजेण्डामा अरु पार्टीले रजाईं गरेको आरोप लगाउँदै पौडेलले माओवादीभित्र नयाँ जागरण आएको बताउनुभयो । "नेकपा फुटाउनु बाध्यता थियो, मलाई त ठिकै भएछ जस्तो लागेको छ", पौडेलले भन्नुभयो, "अहिले हेर्नुहोस् त हाम्रा साथीहरू देखिन थाले, सङ्गठित हुन थाले ।" समावेशी राज्य व्यवस्था पार्टीको एजेण्डा भए पनि पछिल्लो समय माओवादी सकियो भन्नेले नै त्यो एजेण्डा आफ्नो भएको सस्तो प्रचार गर्नेगरेको उहाँको आरोप थियो।

माओवादी केन्द्र जैमिनी नगर कमिटीको पहिलो अधिवेशनको शनिबार कुश्मीशेरामा उद्घाटन गर्दै पौडेलले पार्टीमा नयाँ जागरण आएको बताउनुभयो । विचार मिल्नेसँग एकताको सम्भावना कायम रहेको भन्दै पौडेलले त्यसका लागि माओवादी केन्द्रले नेतृत्व गर्ने बताउनुभयो । देशमा आउने हरेक सङ्कटको समाधान माओवादी केन्द्रकै नेतृत्व र अध्यक्ष प्रचण्डको भूमिकाले समाधान हुने गरेका उदाहरण दिँदै पौडेलले शिक्षा क्षेत्रको विकास र परिवर्तनका लागि सधै काम गर्ने बताउनुभयो।

## सन्तुलित र समानुपातिक विकास गर्न आवश्यक छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ मंसिर**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सन्तुलित र समानुपातिक विकास गर्न आवश्यक भएको बताउनु भएको छ । पोखरा हार्डवयर एशेसियसन कास्कीको आइतबार पोखरामा सम्पन्न भएको २८ औं बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो।

दलाल नोकरशाही पुंजिको विगविगी दिनदिनै मौलाएको उल्लेख गर्दै मन्त्री बरालले सामाजिक न्याय सहितको समृद्धि खोजेको बताउनु भयो । दलाल नोकरशाही पूंजिलाई निरुत्साहित गरी सरकारी राष्ट्रिय पुंजिलाई प्रोत्साहत गर्नुपर्ने उहाँको भनाई थियो । पूजिं र श्रमको तारतम्मे मिलाउनु पर्ने बताउनु भएको मन्त्री बरालले श्रम र पूंजिले एक अर्कोलाई सम्मान गर्नूपर्नेमा जोड दिनु भयो। व्यवसायी र राज्य बिच समन्वय र सहकार्य आवश्यक भएको मन्त्री बरालको भनाई छ।



कोरोनाले गर्दा हाल देशको अर्थतन्त्र धरासायी भएको अबस्थामा व्यवासयीहरुले गरेको सहयोग रचनात्मक काम गरेकोमा मन्त्री बरालले प्रशंम्सा गर्नु भयो । आन्तरिक पुंजिको बृद्धि गर्ने बिषयमा गहिरो रुपमा पुनः विचार गर्नुपर्ने उहाँले बताउनु भयो । आन्तरिक पुंजि बृद्धि गर्नको लागि व्यवसायीको परामर्श आवश्यक भएको उहाँले बताउनु भयो।

व्यवसायी की राजनीति दुई मध्य एकलाई प्रथामिकता दिनुपर्ने मन्त्री बरालको जोड थियो । खोपको राजनीतिले गर्दा समयमै कोरोना बिरुद्धको खोप उपलब्ध गराउन केही ढिलाई भएको मन्त्री बरालले बताउनु भयो। कार्यक्रममा बरिष्ठ सल्लाहकार रामचन्द्र थापाले सामाजिक सुधार व्यावसायीक एकताको लागि संस्था गठन भएको दाबी गर्नु भयो। संस्थाका बरिष्ठ उपाध्यक्ष प्रेम बहादुर पौडेलले व्यवसायीका धेरै समस्या भएको गुनासो गर्नु भयो।

पोखरा उद्योग बाणिज्य संघका सदस्य सुदिप प्रधानाङ्ग्ले हरेक बर्ष जसो भारतिय व्यवसायीबाट आम उपभोत्ता ठगिने गरेको दाबी गर्नु भयो । एशोसियसनका अध्यक्ष शेषकान्त ढकालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय कास्कीका प्रमुख गोकुल शर्मा, पोखरा उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष पवन प्रजापती, कार्यक्रम संयोजक प्रकाशचन्द्र घिमिरे, महासचिव कृष्ण प्रसाद कोइराला लगायतले वोल्नु भएको थियो।

२०५० जेठ २९ गते स्थापना भएको एशोसियसनमा हाल २ सय ३५ जना व्यावसयीहरु आबद्ध भएको अध्यक्ष ढकालले बताउनु भयो।



